नेपाल सरकार
# सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालय
सुशासन प्रवर्द्धन शाखा
सिंहदरबार, काठमाडौं

फोन { ४२००४१४
४२००५२८

पत्र संख्या: ०६२/६३

चलानी नं: ५३९

मितिः २०७३/०३/२०

विषयः निर्णय कार्यान्वयन सम्वन्धमा ।

श्री जिल्ला विकास समितिको कार्यालय (सवै)

श्री महा/उपमहा/नगरपालिकाको कार्यालय (सवै)

प्रस्तुत विषयमा अख्तियार दुरुपयोग अनुसन्धान आयोग, अनुसन्धान महाशाखा न. ७ को मिति २०७३/०१/१३ पत्र सँख्या ७/स्था/१०९६/०७२/०७३ चलानी न. २२११ को पत्रवाट सिरहा नगरपालिकाको कार्यालयमा कार्यरत लेखापाल श्री सुनिल कुमार यादवको बढुवा स्थानीय स्वायत्त शासन ऐन २०५५ तथा नियमावली २०५६ को नियम २१३ र २१५ विपरीत भएकोले कारवाही गरीपाउ भनी परेको उजुरी समवन्धमा यस मन्त्रालयको मिति २०७३/०३/१९ (सचिवस्तरीय) निर्णयानुसार निजको खरिदार (प्रविधिक सहायकस्तर चौथो) पदवाट सहलेखापालमा गरिएको पद परिवर्तन कानुन विपरित देखिएकोले सो निर्णय सच्चाउन निर्देशन दिने भन्ने निर्णय भएको र जिविस, नगरपालिका र गाउ विकास समितिमा कार्यरत कर्मचारीहरुको स्थानीय निकायको वोर्डवाट निर्णय गरि पद परिवर्तन गर्ने र सोलाई सम्वन्धित निकायको परिषद वैठकवाट अनुमोदन गरी बढुवा गर्ने गरेको भएमा उक्त कार्य स्थानीय स्वायत्त शासन ऐन २०५५ तथा नियमावली २०५६ को नियम २१३ र २१५ विपरीत देखिएकोले कर्मचारी नियुक्ति/वढुवाका विषयमा ऐन/ नियममा भएको व्यवस्थालाई प्रभावित हुने गरि नियुक्ति तथा वढुवा नगर्नु/नगराउनुहुन निर्णयानुसार अनुरोध छ ।

.............

नरहरि भण्डारी

उपसचिव

वोधार्थ

श्री सुचना तथा बिधुतीय शासन शाखाः वेभसाइटमा upload गर्नुहुन ।